**आन्तरिक मामिला तथा कानून मन्त्रालय,कर्णाली प्रदेश,सुर्खेतद्वारा प्रकाशित द्वन्द्व पिडितका लागी सीप विकास तालिम संचालन सम्बन्धि १५ दिने सूचना ।**

**तेश्रो पटक प्रकाशित २०७६।०२।१६ गते**

शसस्त्र द्वन्द्वका कममा पिडित भएका व्यक्तिहरुलाई सम्मानपूर्वक जिवनयापन गर्न सक्ने वातावरण बनाउन तपशिल बमोजिमका बिषयमा यस मन्त्रालयबाट तालिम संचालन गर्ने कार्यकम रहेकाले शसस्त्र द्वन्द्वका कममा मृत्यू भएका वा बेपत्ता पारिएका वा घाईते/अंगभंग भएका व्यक्ति वा परिवारले (द्वन्द्व पिडित व्यक्तिका सगोलका पति/पत्नि,छोराछोरी,आमाबुवा, दाजुभाई समेत) www.dwandapidit.karnali.gov.np मार्फत १५ दिन भित्र आवेदन दिनहुन यो सूचना पुनःप्रकाशित गरिएको छ ।

साथै यस मन्त्रालयबाट खटिई गएका कर्मचारी , प्रदेशका १० वटै जिल्लाका स्वास्थ्य कार्यालय तथा यस मन्त्रालय समेतमा फाराम भरि तोकिएको म्याद भित्र बुझाउन सकिने व्यवस्था समेत गरिएको व्यहोरा सुचित गरिन्छ ।

**<u>तालिम संचालनका सम्भावित बिषयहरु</u>**

**१,लामो अवधिका सीप विकास तालिमका सम्भावित बिषयहरु:-**

क,व्यवसायीक मोटरसाईकल मेकानिक्स

ख,व्यवसायीक प्लम्वर

ग,व्यवसायीक विल्डिङ ईलेक्ट्रिसियन

घ,व्यवसायीक मेसन

ङ, Light Vehicles Mechanics(हलुका सवारी साधन मर्मत मेकानिक तालिम)

**२, छोटो अवधिका सीप विकास तालिमका सम्भावित विषयहरु :-**

क,Waiter/Waitress (वेटर तालिम)

ख,Hotel Assistsnt(होटल सहायक तालिम)

ग,Furniture Maker(फर्निचर तालिम)

घ, Bar Binder(छड,डण्डी वान्ने तालिम)

ङ, Tndustrial Electrician (औद्योगिक ईलेक्ट्रीसियन)

च, REF/AC Mechine(रेफ्रिजेरेटर,एसी मेसिन मर्मत)

छ, Assistant Beautician(सहायक व्यूटिसियन)

ज, Traning Library(पुस्तकालय सहायक तालिम)

झ, Montessori Computer (पूर्वप्राथमिक मन्टेस्वरी स्याहार तालिम)

ञ, Hardware Technician(कम्प्यूटर हार्डवयर प्राविधिक तालिम)

**<u>आवेदन साथ संलग्न गर्नुपर्ने कागजपत्रहरु</u>**

क, द्वन्द्व पिडित व्यक्ति स्वयंको हकमा नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,बसाईसराई भएको वा सो को प्रतिलिपि ।

ख, द्वन्द्व पिडित परिवारको हकमा द्वन्द्व पिडित व्यक्ति संगको नाता प्रमाणित प्रतिलिपि ।

ग, साविक शान्ति तथा पुर्ननिर्माण मन्त्रालयको वेवसाईटमा रहेको विवरणमा नाम समावेश नभएका व्यक्तिको हकमा तत्कालिन समयमा कार्यदलको प्रतिवेदनमा नाम समावेश गरि दिन स्थानीय शान्ति समितिबाट सिफारिस गरेको पत्र ।

**<u>थप जानकारीका लागी निम्न नम्वरहरुमा सम्पर्क गर्नुहोला ।</u>**

| | |
|---|---|
| **अनिल अधिकारी** | ९७५८००७२५१,९८४८३१२९५० |
| **कृष्ण बहादुर रोकाया** | ९८५८३२०६६६, |
| **लक्ष्मण थापा(विमल)** | ९८६८३६७१६६ |

निमित्त सचिव

कर्णाली प्रदेश
वीरेन्द्रनगर,सुर्खेत नेपाल

**आन्तरिक मामिला तथा कानून मन्त्रालय,कर्णाली प्रदेश,सुर्खेतद्धारा प्रकाशित द्वन्द्व पिडितका लागी राहत तथा उपचार सम्वन्धि १५ दिने सूचना ।**

**२०७६।०२।१६ गते**

**शसस्त्र द्वन्द्वका** क्रममा पिडित भएका व्यक्तिहरुलाई सहज तथा सम्मानपूर्वक जिवनयापन गर्न सक्ने वातावरण बनाउन यस मन्त्रालयबाट राहात तथा उपचार गर्ने कार्यक्रम रहेकाले शसस्त्र द्वन्द्वका क्रममा घाईते/अंगभंग भएका व्यक्तिले सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र तोकिएको ढाचाको फाराम भरि बुझाउन हुन यो सूचना प्रकाशित गरिएको छ ।

साथै यस मन्त्रालयबाट खटिई गएका कर्मचारी , प्रदेशका १० वटै जिल्लाका स्वास्थ्य कार्यालय तथा यस मन्त्रालय समेतमा फाराम भरि तोकिएको म्याद भित्र बुझाउन सकिने व्यवस्था समेत गरिएको व्यहोरा सुचित गरिन्छ ।

**आवेदन साथ संलग्न गर्नुपर्ने कागजपत्रहरु**

क, द्वन्द्व पिडित व्यक्ति स्वयंको हकमा नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,बसाईसराई भएको वा सो को प्रतिलिपि ।

ख, द्वन्द्व पिडित व्यक्तिको अपाङ्गताको परिचय पत्र प्रतिलिपि ।

ग, साविक शान्ति तथा पुर्ननिर्माण मन्त्रालयको वेवसाईटमा रहेको विवरणमा नाम समावेश नभएका व्यक्तिको हकमा तत्कालिन समयमा कार्यदलको प्रतिवेदनमा नाम समावेश गरि दिन स्थानीय शान्ति समितिबाट सिफारिस गरेको पत्र ।

**थप जानकारीका लागी निम्न नम्वरहरुमा सम्पर्क गर्नुहोला ।**

| | |
|---|---|
| अनिल अधिकारी | ९७५८००७२५१,९८४८३१२९५० |
| कृष्ण बहादुर रोकाया | ९८५८३२०६६६, |
| लक्ष्मण थापा(विमल) | ९८६८३६७१६६ |

निमित सचिव